# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

**बुटवल उप-महानगरपालिका-१०, कालिकानगर, रुपन्देही ।**

## १५औं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि. को मिति २०८२/१०/२७ गते मंगलवार बसेको २४१औं सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ र संस्थाको नियमावलीको परिच्छेद ३ बमोजिम संस्थाको १५औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष डा. श्री मान बहादुर वीके ज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

१. **सभाको मिति, स्थान र समय :-**
सभाको मिति :- २०८२/११/३० गते शनिवार (तदनुसार १४ मार्च, २०२६)
सभाको स्थान :- होटल न्यू ईरा, बुटवल उप-महानगरपालिका वडा नम्वर ०९, कालिकापथ, रुपन्देही ।
सभाको समय :- अपरान्ह १:०० बजे देखि प्रारम्भ भई दिउसो ४:३० बजे समापन ।

२. **सभाको सूचना प्रकाशन :-**
कम्पनी ऐन २०६३ को दफा ६७ तथा संस्थाको नियमावलीको नियम १८ बमोजिम संस्थाको मिति २०८२/१०/२७ गते मंगलवार बसेको २४१औं सञ्चालक समितिको बैठकको निर्णय अनुसार १५औं वार्षिक साधारण सभा मिति २०८२/११/३० गते शनिवार गर्ने गरि राष्ट्रिय स्तरको पत्रिकामा मिति २०८२/१०/२८ गतेको बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक र दोस्रो पटक मिति २०८२/११/११ गतेको दैनिक पत्रमा सूचना प्रकाशित गरिएको थियो ।

३. **सञ्चालकहरुको उपस्थिति विवरण :-**

३.१ **कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम सभामा उपस्थित सञ्चालकहरु :-**

| क.सं. | नाम, थर | पद | प्रतिनिधित्व | धारण गरेको जम्मा शेयर सँख्या | उपस्थित/ अनुपस्थित |
|---|---|---|---|---|---|
| १. | डा. श्री मान बहादुर वीके | अध्यक्ष | संस्थापक शेयरधनी | ५६,३३७ | उपस्थित |
| २. | डा. श्री मेग बहादुर विश्वकर्मा | सञ्चालक | संस्थापक शेयरधनी | ५१,०२७ | उपस्थित |
| ३. | श्री यज्ञ विक्रम शाही | सञ्चालक | संस्थापक शेयरधनी | ४०,०४६ | उपस्थित |
| ४. | ई. श्री गुरुराज बरुवाल | सञ्चालक | सर्वसाधारण शेयरधनी | २०० | उपस्थित |
| ५. | श्री हुमा कुमारी कुँवर थापा | सञ्चालक | सर्वसाधारण शेयरधनी | ११० | उपस्थित |
| ६. | सिए. श्री दिपक बि.क. | स्वतन्त्र सञ्चालक | स्वतन्त्र | – | अनुपस्थित |

३.२ **अन्य पदाधिकारीको उपस्थिति :-**
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव - श्री सुनिल कुमार राय
कर्मचारीहरु - केन्द्रीय कार्यलयमा कार्यरत व्यवस्थापकीय तथा अन्य कर्मचारीहरु

३.३ **शेयरधनीहरुको उपस्थिति :-**

| क.स. | उपस्थितको विवरण | जना |
|---|---|---|
| १ | सभाहलमा सहभागी जम्मा उपस्थिति | २५ जना |
| २ | प्रतिनिधि (प्रोक्सी) मार्फत | १४ जना |
| | **जम्मा** | **३९ जना** |

४. **गणपुरक संख्या (कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम) :-**

**दर्ता किताव बन्द रहने समय सम्म कायम शेयरधनीको विवरण :-**

| शेयरधनी समुह | विद्यमान शेयरधनी संख्या | विद्यमान शेयर कित्ता सख्या | प्रतिशत |
|---|---|---|---|
| संस्थापक | ३० | ९,३५,५०५.४५ | ५५.००% |
| सर्वसाधारण | ८,१६३ | ७,६५,४१३.५५ | ४५.००% |
| **जम्मा** | ८,१९३ | १७,००,९१९ | १००% |

**सभामा उपस्थित शेयरधनीको विवरण :-**

| शेयरधनी समुह | उपस्थिति विवरण | उपस्थिती शेयरधनी संख्या | उपस्थित शेयर धनीले धारण गरेको शेयर कित्ता |
|---|---|---|---|
| संस्थापक | स्वयं उपस्थित | १६ | ५,६५,४५१ |
| | प्रतिनिधि (प्रोक्सी) | ९ | २,८२,८६१ |
| | **जम्मा संस्थापक** | २५ | ८,४८,३१२ |
| सर्वसाधारण | स्वयं उपस्थित | ९ | १,८६४ |
| | प्रतिनिधि (प्रोक्सी) | ५ | ८९० |
| | **जम्मा सर्वसाधारण** | १४ | २,७५४ |
| **जम्मा उपस्थित सँख्या/कित्ता** | | ३९ | ८,५१,०६६ |
| **साधारण सभामा शेयर स्वामित्व उपस्थित प्रतिशत** | | | ५०.०४% |

५. **गणपुरक सँख्या, सभाको बैधानिकता र अध्यक्षता :-**

५.१ कम्पनी ऐन २०६३ तथा संस्थाको नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) र संस्थाको नियमावलीको नियम २३ अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना उपस्थित हुनुपर्ने प्रावधान बमोजिम संस्थाको १५औं वार्षिक साधारण सभामा राखिएको हाजिरी पुस्तिकामा स्वंयम् उपस्थित भई हाजिर जनाउने शेयरधनीहरुको संख्या २५ जना रहेको छ भने स्वयम् उपस्थित र प्रतिनिधि (प्रोक्सी) मार्फत कुल शेयरको ५०.०४ प्रतिशत शेयर यस सभामा उपस्थित भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको घोषणा गरी प्रचलित कम्पनी ऐन अनुसार सभा बैधानिक भएको कम्पनी सचिवले जानकारी गराउनु भयो ।

५.२ संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम संस्थाको १५औं वार्षिक साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष डा. श्री मान बहादुर वीकेले गर्ने व्यहोरा कार्यक्रम सञ्चालकले जानकारी गराउनु भयो ।

५.३ संस्थाका सञ्चालक समितिका सदस्य श्री हुमा कुमारी कुँवर थापाज्यूले उपस्थित सम्पूर्ण शेयरधनीहरुलाई स्वागत अभिवादन गर्नुभयो ।

६. **छलफलका विषयहरु :-**

(क) **सामान्य प्रस्तावहरु :-**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्वन्धी विवरण र सम्वन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :-**

१. भविष्यमा अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थालाई गाभ्ने/गाभिने वा प्राप्ती गर्ने कार्यका लागि सम्झौता गर्ने, DDA गर्ने लगायत अन्य गाभ्ने/गाभिने वा प्राप्ती सँग सम्बन्धीत सम्पूर्ण प्रकृयाहरु पूरा गर्न गराउन संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।

**(ग) विविध प्रस्ताव :-**

**७. सभाको प्रारम्भ :-**

वार्षिक साधारण सभा सञ्चालनको लागि बैधानिकता पूरा भएकाले संस्थाको मिति २०८२/१०/२७ गते मंगलवार बसेको २४१औं सञ्चालक समितिको बैठकको निर्णयबाट प्रस्ताव गरिए बमोजिम १५औं वार्षिक साधारण सभामा छलफलको लागि पूर्व निर्धारित विषयहरु अन्तर्गतका प्रस्तावहरु निर्णयार्थ पेश गरिएको व्यहोरा सभालाई अध्यक्ष ज्यूले जानकारी गराउनु भयो ।

**८. प्रतिवेदन प्रस्तुत :-**

वार्षिक साधारण सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष डा. श्री मान बहादुर वीकेले १५औं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी तथा आमन्त्रित महानुभावहरुलाई स्वागत अभिवादन गर्दै सञ्चालक समितिको तर्फबाट तयार पारिएको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन, बाह्य लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसुचीहरु सहितको वित्तीय विवरणहरु र सभाबाट पारित गर्नुपर्ने प्रस्तावहरु आदि सहितको वार्षिक प्रतिवेदन सभा समक्ष छलफलका लागि प्रस्तुत गर्नु भयो ।

**९. छलफलको लागि आह्वान र छलफलमा सहभागी शेयरधनी महानुभावहरु :-**

साधारण सभामा प्रस्तुत भएका छलफलका विषय र संस्थाको काम कारबाही, वार्षिक हरहिसाब तथा वार्षिक प्रतिवेदनमा भएका विभिन्न विषयहरु उपर आ-आफ्नो मन्तव्य प्रकट गर्नुहुन र सो सम्बन्धमा राय, सुझाव तथा जिज्ञासाहरु व्यक्त गर्नका लागि उपस्थित शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो ।

सभामा उपस्थित शेयरधनी महानुभावहरु क्रमश: श्री माधव प्रसाद नेपाल, श्री गोकर्ण बहादुर कार्की क्षेत्री, श्री रेवन्त बहादुर विश्वकर्मा, श्री बाबुराम विश्वकर्मा, डा.यम बहादुर बि.के., श्री नरेन्द्र कडेल र श्री सूर्य पाण्डेले आ-आफ्नो राय, सुझाव तथा जिज्ञासा व्यक्त गर्नुभयो ।

**१०. साधारण सभामा सहभागी शेयरधनी महानुभावहरुबाट उठेका राय, सुझाव तथा जिज्ञासाहरु :-**

छलफलका क्रममा देहाय बमोजिम राय, सुझाव तथा जिज्ञासाहरु प्रस्तुत भएको थियो ।

- साधारण सभा सफलताको शुभकामना प्रकट गर्नु भयो ।
- लगानी कर्ताहरुले लाभांश वितरण को अपेक्षा गरेको हुँदा लाभांश वितरण किन गर्न सकिएन ?
- संस्थाको रणनीति अनुसार हुबहु कार्य हुन किन सकिएन ?
- प्रतिस्पर्धी बजारमा हामी सँग सँगै स्थापना भएका लघुवित्त संस्थाहरुको तुलनामा हाम्रो संस्थाले किन उपलब्धी हाँसिल गर्न सकेन ?
- रणनीति अनुसार कार्य गर्न दृढ संकल्पको आवश्यकता रहेको हुँदा सोही अनुसार कार्य गर्नुपर्ने ।
- संस्थाले राज्य, समाज र विभिन्न निकायमा पुऱ्याएको योगदान अतुलनीय रहेको छ ।
- लगानीकर्ताले प्रतिफलको अपेक्षा गरेको र विगत केही समय देखि लाभांश वितरण गर्न किन सकेन ?
- बजारमा विपन्न वर्ग कर्जाको ब्याजदर अत्यन्तै न्यून हुँदा समेत संस्था नाफामा आउन किन सकेन ?

– पछिल्लो समय निष्कृय कर्जा किन बढी रहेको छ ।
– शेयरधनी महानुभावहरुले धारण गरेको शेयर भोलिका दिनमा बेच्न परेमा सहज रुपमा बेच्न सक्ने हैसियत कायम गर्नुपर्ने ।
– संस्था सफल हुनको लागि आन्तरिक र बाह्य पक्ष सवल हुनु पर्छ, संस्थाले आफ्ना आन्तरिक पक्षहरुलाई थप सवल बनाउने र बाह्य पक्षहरुको चुनौती सामना गर्ने रणनीति तयार गरि कार्य गर्नुपर्ने ।
– सम्पूर्ण शेयरधनी महानुभावहरुले संस्थाको सफलताका लागि वर्तमान सञ्चालक समितिलाई सहयोग गर्दै आ-आफ्नो तहबाट जिम्मेवारी निर्वाह गर्नुपर्ने ।

**११. शेयरधनी महानुभावहरुको जिज्ञासा तथा सुझावहरु उपर अध्यक्षज्यूको सम्बोधनका मुख्य-मुख्य अंशहरु :-**

अध्यक्षज्यूले सभामा शेयरधनी महानुभावहरुले उठाउनु भएको जिज्ञासाका लागि धन्यवाद दिर्दै प्राप्त सुझाव तथा जिज्ञासाहरु मनन्योग्य र आगमी दिनमा मुनाफामा केन्द्रित गराउन र थप व्यवसायिक सफलताका लागि उर्जा मिलेको जानकारी गराउदै प्राप्त सुझावहरुलाई यथाशक्य सम्भव भएसम्म क्रमशः कार्यान्वयन सञ्चालक समिति एवं व्यवस्थापन प्रतिवद्ध रहेको जानकारी सभामा व्यक्त गर्नु भयो । संस्थाले पञ्च वर्षीय रणनीतिक योजना (२०२३-२०२८) पारित गरि सो को कार्यान्वयन गर्दै आइरहेकाले चालु आ.व.मा त्यसको प्रभाव पर्ने र विगतमा भएको घाटालाई परिपूर्ति गर्ने गरी व्यवस्थापनले कार्य गर्दै आईरहेको व्यहोरा जानकारी गराउनु भयो । वर्तमान समयमा वित्तीय क्षेत्रमा देखिएका विभिन्न खालका चुनौतीहरुको सामना यस संस्थाले समेत गर्दै आईरहेको छ जसको प्रत्यक्ष प्रभाव संस्थाको वित्तीय सूचकहरुमा परेको छ । चालु आ.व.मा संस्था नाफामा जाने विश्वास दिलाउदै, शेयरधनीले अपेक्षा गरे अनुसार प्रतिफल दिने गरी कार्य भईरहेको व्यहोरा सभामा जानकारी गराउनु भयो ।

**१२. सभाबाट भएका निर्णयहरु :-**

**(क) सामान्य प्रस्तावहरु :-**

**१. निर्धारित विषयसूची (क) १. अनुरुप "सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने" ।**

सञ्चालक समितिको तर्फबाट सभामा प्रस्तुत आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर दफाबार छलफल भई प्रस्तुत प्रतिवेदन सर्वसम्मतीले पारित गरियो ।

**२. निर्धारित विषयसूची (क) २. अनुरुप "लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्वन्धी विवरण र सम्वन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने" ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र सम्बन्धीत अनुसूचीहरु उपर छलफल गरी पारित गर्न सभा समक्ष प्रस्ताव पेश भएकोमा उल्लेखित वित्तीय विवरणहरु सर्वसम्मतीले पारित गरियो ।

**३. निर्धारित विषयसूची (क) ३. अनुरुप "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने" ।**

आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरीक्षण गर्नका लागि लेखा परीक्षण समितिबाट सिफारिस भएका तिन वटा प्रस्तावहरु मध्य सभाले तुलनात्मक रुपमा उपयुक्त देखिएको श्री S.B.C. & Associates Chartered Accountants, पुतलीसडक, काठमाण्डौंलाई लेखापरीक्षकमा नियुक्ति गर्ने निर्णय गरियो । निजको पारिश्रमिकको सम्बन्धमा बैधानिक लेखा परीक्षण, कर लेखा परीक्षण, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन, लङ्गफर्म अडिट रिपोर्ट, वित्तीय संस्थाद्वारा सञ्चालित परियोजनाको लेखा परीक्षण,

निक्षेप तथा कर्जा सुरक्षण कोषको फाइल प्रमाणिकरण लगायत लेखा परीक्षणका क्रममा खाना, आवास र यातायात खर्च समेतका लागि जम्मा रु ४,४७,५००।- (अक्षरुपी चार लाख सच्चालिस हजार पाँच सय मात्र) भ्याट बाहेक भुक्तानी गर्ने गरी पारिश्रमिक निर्धारण गर्ने निर्णय गरियो ।

ख. **विशेष प्रस्ताव :-**

१. **निर्धारित विषयसूची (ख) १ अनुरुप "भविष्यमा अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थालाई गाभ्ने/गाभिने वा प्राप्ती गर्ने कार्यका लागि सम्झौता गर्ने, DDA गर्ने लगायत अन्य गाभ्ने/गाभिने वा प्राप्ती सँग सम्बन्धीत सम्पूर्ण प्रकृयाहरु पूरा गर्न गराउन संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने" ।**

वित्तीय संस्थाले भविष्यमा अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थालाई गाभ्ने/गाभिने वा प्राप्ती गर्ने कार्यका लागि सम्झौता गर्ने, DDA गर्ने लगायत अन्य गाभ्ने/गाभिने वा प्राप्ती सँग सम्बन्धीत सम्पूर्ण प्रकृयाहरु पूरा गर्न गराउन सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

ग. **विविध :-**

१. **विविध सम्बन्धमा ।**

विविध सम्बन्धमा निर्णय गर्नु पर्ने कुनै पनि प्रस्ताव पेश नभएको ।

१३. **सभाको समापन :-**

१५औं वार्षिक साधारण सभाका प्रस्तावहरु उपर छलफल गरि सर्वसमितिले पारित गरेपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरु छलफलमा सक्रिय रुपले सहभागी भई वित्तीय संस्थाका लागि आवश्यक मार्गदर्शन प्रदान गरेकोमा तथा १५औं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थिति हुनु भएकोमा सम्पूर्ण सञ्चालक ज्यूहरु, संस्थापक ज्यूहरु, सर्वसाधारण शेयरधनी महानुभावहरु, पत्रकार मित्रहरु, कर्मचारीहरु तथा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

साथै, संस्थाको उन्नति तथा प्रगतीको लागि अमूल्य योगदान पुऱ्याउनु हुने सस्थापक शेयरधनी महानुभावहरु, सर्वसाधारण शेयरधनी महानुभावहरु, समस्त संस्थामा आवद्ध समुह सदस्यहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, सिद्धार्थ क्यापिटल लि., लघुवित्त संघ नेपाल (MFAN), नेपाल लघुवित्त बैंकर्स संघ लगायत अन्य विभिन्न निकायका पदाधिकारीहरु, संस्थाको प्रतिष्ठा उच्च राख्न सहयोग गर्नुहुने पत्रकारहरु त्यस्तै संस्था प्रति विश्वसनीयता दर्शाई साझेदारी गर्नुहुने विभिन्न संघसंस्थाहरु, स्थानीय निकायहरु, यस वित्तीय संस्थालाई कर्जा तथा बैंकिङ्ग सुविधा उपलब्ध गराउने विभिन्न बैंक तथा वित्तीय संस्थाहरु एवम् अन्य सम्पूर्ण शुभेच्छुकहरु प्रति संचालक समितिको तर्फबाट अध्यक्षज्यूले हार्दिक आभार व्यक्त गर्नुभयो ।

पूर्व निर्धारित विषय-सूचीहरु उपरको छलफल तथा प्रस्तुत प्रस्तावहरु पारित भएको र विविध अन्तर्गत छलफलको विषय नभएकोले १५औं वार्षिक साधारण सभाको निमन्त्रणा स्वीकार गरी पाल्नुहुने सम्पूर्ण उपस्थित शेयरधनीहरुबाट प्राप्त सहयोगको लागि पुनः धन्यवाद ज्ञापन गर्दै सभा सफलतापूर्वक सम्पन्न भएको घोषणा सहित दिउसो ४:३० बजे सभा बिर्सजन गर्नुभयो ।

.............................
सुनिल कुमार राय
कम्पनी सचिव

.............................
डा. मान बहादुर वीके
अध्यक्ष

मिति: २०८२ साल फागुन ३० गते शनिवार